# आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

२०७७ साल असार १० गते

# डुङ्गेश्वर गाउँपालिका

## दैलेख

## कर्णाली प्रदेश

उपस्थित गाउँसभा सदस्यज्यूहरु, राजनीतिकदलका प्रमुख एवं प्रतिनिधि ज्यू हरु, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यू हरु,

आज यस गरिमामय गाउँसभामा आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । डुङ्गेश्वर गाउँपालिका को आर्थिक, सामाजिक, सांस्कृतिक विकास र समद्धिको लागि यस सातौं गाउँसभाले दिशा निर्देशित गर्ने **"समावेशी दिगो विकासका पुर्वाधार, समृद्ध सुन्दर डुङ्गेश्वर गाउँपालिकाको आधार"** लाई आत्मसात, संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह पुनसंरचना पश्चात सार्वभौम डुङ्गेश्वर गाउँपालिकाको सातौं गाउँसभाको पुनित अवसरमा अधिकार प्राप्तिका लागि विभिन्न आन्दोलन सहित प्रदेश आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । जनताको प्रतिनिधिमुलक यो गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु । साथै राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार सम्मान प्रकट गर्न चाहान्छु ।

संघीय सरकार, प्रदेश सरकार, र स्थानीय तहहरुले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकासको क्रममा अगाडि बढ्दै गर्दा विश्वव्यापी महामारी रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) ले नेपाल त्यस भित्र डुङ्गेश्वर गाउँपालिका अछुत रहन सकेन । विगत ३ (तीन) महिना देखि लकडाउन, उत्पन्न भोकमरी, स्वदेश र विदेश बाट प्रभावित नागरिकहरुको उद्धार, उपचार, क्वारेन्टाइन व्यवस्थापनले यस गाउँपालिकाको वित्तीय प्रभाव पारेको छ ।  आ.व. २०७६।०७७ को कार्यक्रम संचालन र आर्थिक असन्तुलन हुँदाहुदै पनि विभिन्न कार्यक्रम कटौती र आर्थिक अनुशासन कायम गर्दै वित्तिय सन्तुलन कायम गर्ने प्रयास गरिएको छ । यस कोरोना भाईरस (COVID-19) को प्रत्यक्ष र अप्रत्यक्ष रुपले डुङ्गेश्वर गाउँपालिका बासीहरुमा प्रभावित पारिरहेको व्यहोरा अवगत छ । यी विविध चुनौतीलाई सामना गर्दै आर्थिक वर्ष २०७७।०७८ ले प्रस्तावित योजना तथा कार्यक्रमलाई निर्धारित समयमा सम्पन्न गर्ने प्रण गर्दछौं ।

**"समावेशी दिगो विकासका पुर्वाधार, समृद्ध सुन्दर डुङ्गेश्वर गाउँपालिकाको आधार"** भन्ने मुल नारालाई मुर्त रुप दिनको लागि डुङ्गेश्वर गाउँपालिकाको प्राथमिकीकरणमा छनौट भएका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानुनी व्यवस्था गर्दै लगिनेछ । नयाँ परियोजना तथा कार्यक्रमको हकमा सम्भाव्यता अध्ययन, लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा बजेट विनियोजन गरिनेछ ।

- ❖ डुङ्गेश्वर गाउँपालिकाले निर्माण गरेको आवधिक (पञ्च वर्षिय) योजनालाई आत्मसात गर्दै केही कार्यक्रम आ.व. २०७७।०७८ मा समेटिने छ ।
- ❖ संघीय सरकार र स्थानीय तहको लागत सहभागितामा सम्पन हुने प्रशासकीय भवन निर्माण बहुवर्षिय कार्यक्रममा टेन्डर प्रक्रिया पुरा भईसकेकाले आ.व. २०७७।०७८ मा पनि निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिका स्तरीय १५ सैयाँको अस्पताल निर्माण संचालनमा सम्बन्धित निकायमा पहल गरिनेछ ।
- ❖ गाउँपालिका स्तरीय प्रकोप व्यवस्थापन कोष स्थापना गरिनेछ ।
- ❖ ६ (छ) वटै वडाहरुमा प्रकोप व्यवस्थापन कोष स्थापना गरिनेछ ।

- ❖ डुङ्गेश्वर जामुना सडक खण्ड र र्जसिचोक देउली कुइया सडक खण्ड स्तरबृद्धिका लागि प्रदेश सरकार र संघीय सरकार सँग समन्वय गरी अगाडि बढाईने नीति लिईनेछ ।
- ❖ निर्माणाधीन पर्यटकीय क्षेत्र कुइयाताल आ.व. २०७७।०७८ मा सम्पन्न गरिनेछ । साथै अन्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी गुरुयोजना तयार गरिनेछ ।
- ❖ हेल्भटास नेपाल, एस. एन. भी. नेपाल, आसा आयोजना र गाउँपलिकाको लागत सहभागितामा एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ रक्चना खानेपानी आयोजना लाई यस वर्ष टेण्डर प्रक्रिया गरि एक घर एक धारा कार्यक्रम सचालनमा ल्याइनेछ ।
- ❖ संघ, प्रदेश र स्थानीय तह बीच समन्वय,सहकार्य र सह अस्तित्वको भूमिकालाई प्रभावकारी बनाइ निर्दिष्ट योजना संचालन गरिनेछ ।
- ❖ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान, सर्शत अनुदान र समपुरक अनुदानहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।
- ❖ **"कोरोना भाइरस (COVID-19 ) को मार, युवालाई रोजगार"** भन्ने नारालाई आत्मसाथ गरी (COVID-19) को महामारीको कारण विदेशबाट रोजगार गुमाई फर्किएका युवा युवतीहरुलाई उत्पादनमुलक कार्यक्रमसँग जोड्दै समग्र गाउँपालिकाको उत्पादनलाई वृद्धि गरिनेछ।
- ❖ समग्र डुङ्गेश्वर बासीको वित्तीय पहुँच स्थापना गर्न वित्तीय साक्षरता अभिवृद्धि गर्नको लागि **"एक घर एक खाता"** कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ कोरोना भाइरस (Covidd-19) का लागि प्राप्त सहयोगलाई एकद्वार प्रणालीबाट गरिएकोमा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ संघ र प्रदेश देखि सञ्चालन गरिएको प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई समेट्दै डुङ्गेश्वर गाउँपालिकाले सन्चालन गर्ने सम्पूर्ण विकास निर्माण कार्यमा एक घर एक रोजगार कार्यक्रम संचालन गरिनेछ।
- ❖ ५५ वर्ष भन्दा माथिका एकल पुरुषलाई दोहोरो नपर्ने गरी मासिक रुपमा एकल भत्ताको व्यवस्था गरिनेछ।
- ❖ खरमुक्त घर कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ अध्यक्ष कोषलाई प्रभावकारी बनाइने छ।
- ❖ कृषि सडक, साना सिचाई आयोजना, दुग्ध तथा मासु उत्पादन, बजारीकरणको कार्यका लागि कृषि क्षेत्रविकास कार्यक्रम (ASDP) सँग समन्वय गरी प्रभावकारी बनाइनेछ ।
- ❖ धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुको संरक्षण तथा सम्वर्द्धनका लागि कार्यक्रम गरिनेछ ।
- ❖ गाउँपालिकाले निर्माण गरेको सडक गुरुयोजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- ❖ गाउँपालिका भित्रको मुख्य सडकहरुलाई गाउँपालिका र प्रदेश सरकार को समन्वयमा निर्माण तथा स्तरउन्नति गरिनेछ ।

❖ यस गाउँपालिका भित्र उत्पादन हुने कच्चा पदार्थहरुको उपयोग गर्ने रणनीति अवलम्वन गरिनेछ ।
❖ डुङ्गेश्वर गाउँपालिका भित्र रहेको लघुउद्यमीहरुलाई उद्यमशील बनाउनका लागि लघुउद्यम विकास शाखालाई परिचालन गरिनेछ ।
❖ गाउँपालिका तथा वडाहरुलाई सुचना तथा प्रविधि मैत्री बनाइनेछ ।
❖ प्रत्येक योजनाहरुको कुल अनुदान रकममा ५ प्रतिशत कन्टेन्जेन्सी तथा एक प्रतिशत मर्मत संभार कोष रकम कट्टी गरी योजना सञ्चालन गरिनेछ ।
❖ गाउँपालिका अर्न्तगत सञ्चालन गरिने सम्पूर्ण योजनाहरुको लागत सहभागिता हिस्सामा एकरुपता हुने गरि भवन निर्माणको काममा १० प्रतिशत,माटो सम्बन्धी काममा २० प्रतिशत र ग्राभेल सम्बन्धी काममा २० प्रतिशत लागत सहभागिता र ठूला मेशीन प्रयोग भएको कार्यमा १० प्रतिशत श्रमदान अनिवार्य हुनुपर्ने गरि योजना सञ्चालन गरिनेछ ।
❖ सडक मर्मत समूह (RMG) लाई ६ (छ) महिनाको लागि निरन्तरता दिइनेछ ।
❖ गाउँपालिका भित्र संचालन हुने योजनाहरुलाई चुस्त दुरुस्त र पारदशी बनाउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
❖ गाउँपालिका अन्तर्गत मानव संशाधन विकास शाखाको स्थापना गरिनेछ ।
❖ प्रयाप्त जनशक्ति नहुँदा कार्यालयको दैनिक सेवाप्रवाह प्रभावित भइरहेको परिप्रेक्ष्यमा स्थानीय तहको सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाउँदै कामप्रति उत्प्रेरित गर्न प्रोत्साहनको विशेष व्यवस्था गर्दै लगिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक कर्मचारीलाई उत्कृष्ट पुरस्कारबाट सम्मान गरिनेछ ।
❖ गाउँपालिकामा कामकाज गर्ने कर्मचारीहरुको लागि आवासको व्यवस्था सहित अन्य सेवा सुविधाहरुमा सुधार गरिदै लगिनेछ ।
❖ वडा नं. १ मा औद्योगिक ग्रामको स्थापना गरी स्थानीय उत्पादनको उचित मुल्य र बजार पहुँच सुनिश्चित गर्न केन्द्र सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
❖ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी संघसंस्थाहरुलाई एकद्धार प्रणालीबाट कार्यक्रम संचालन गर्नका लागि आवश्यक रणनीति तयार गरिनेछ ।
❖ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको नियमन तथा सहजीकरणका लागि आवश्यक कार्यविधिको निर्माण गरिनेछ ।
❖ रेडक्रस सोसाईटी लगायत आपतकालिन एवं परोपकारी संघसंस्थाहरुको आवश्यक प्रबर्द्धन एवं संरक्षण गरिनेछ ।
❖ एफ.एम. संचालनको लागि संघीय सरकारसँग थप क्षमताका लागि पहल गरिनेछ ।
❖ साना जलविद्युत एवं मझौला जलविद्युत र वैकल्पिक उर्जा (सोलर, बायोग्यास, बायो उर्जा) आदिको सम्भाव्यता तथा विस्तृत अध्ययन गरी उज्यालो डुङ्गेश्वर अभियानलाई अगाडी बढाईनेछ ।
❖ खानेपानी तथा सिंचाईको दिर्घकालीन समस्या समाधान गर्न लाप्काखोला मुल,बडाखोला मुल, रकचना मुल, बलेना मोखरीया खोला, धारखोला, च्याउखोला मुल, पराजुली खोला, मटेलाखोला, लाकुरी खोला, हनेटीखोला र लोहरेखोला नदीहरु लगायतमा प्रविधि प्रयोग गरी स्वच्छ खानेपानी तथा सिंचाई उपलब्ध गराइने रणनीति लिइनेछ ।
❖ सबै वडाहरुमा क्रमश : पूर्ण सरसफाई घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

- ❖ डुङ्गेश्वर गाउँपालिकामा दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ।
- ❖ गरिबसँग विश्वेश्वर कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ
- ❖ संघीय सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिका अन्तर्गतका सहकारीहरुको भूमिकालाई प्रभावकारी बनाउन प्रबर्द्धनात्मक तथा संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरी सूचिकृत गरिनेछ।
- ❖ साझा सूचि रहेको वन तथा वातावरण लाई संरक्षण तथा व्यवस्थापन प्रभावकारी रुपमा जोड दिइनेछ।
- ❖ गाउँपालिका स्तरिय मानवअधिकार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- ❖ वडा नं.१. र २ मा वडा कार्यालयको भवन आ.व. २०७७०७८ मा निर्माण सम्पन्न गरिनेछ।
- ❖ खेल क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि गाउपालिका स्तरिय खेलकुद विकास समितिलाई व्यवस्थित गरिनेछ।
- ❖ स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाई गर्दै सार्वजनिक स्थल, नदी किनार, सडक छेउ, खोल्सा-खोल्सीमा बाँस, अमरिसो, फलफुल लगायतका आयमुलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोग गरिनेछ।
- ❖ सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ। जवाफदेहिता र उत्तरदायित्व बहन गरी पारदर्शितामा जोड दिनका लागि बर्षमा न्युनतम दुई पटक सार्वजनिक सुनुवाई र समीक्षा गरिनेछ।
- ❖ लक्षितवर्ग कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्त्ररता दिइनेछ।
- ❖ वडा तहबाट छनौट भईआएका योजनाहरु संघ, प्रदेश सँग समन्वय गरी प्राथमिकताका आधारमा कार्यान्वयनको लागि नीतिगत रुपमा ल्याइनेछ।
- ❖ संघीय कानून र प्रदेश कानूनसँग तालमेल हुने गरी सार्वजनिक खरिद प्रकृयालाई सरल, समय सापेक्ष र परिणाममुखी बनाउन खरिद सम्बन्धी आवश्यक कार्यविधि र पद्धतिको तर्जुमा गरिनेछ।
- ❖ योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी कार्यान्वयनमा निरन्तरता दिइनेछ।
- ❖ नीतिगत संचालनमा रहेका अधुरा योजनाहरुलाई सम्पन्न गर्नका लागि आवश्यक रणनीति अपनाई नेपाल सरकारबाट समायोजन भईआएको योजनालाई यस गाउँपालिकाले भुक्तानी गर्नेको लागि प्रक्रिया अघि बढाइनेछ।
- ❖ लैङ्गिक हिँसा जस्ता गतिविधिलाई निरुत्साहित गरिनेछ।
- ❖ स्थानीय सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवाना जस्ता कर तथा गैर करहरुको दायरा विस्तार गर्न नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ।
    - ○ बढी भन्दा बढी कर संकलन तथा आन्तरिक श्रोत बढाउनका लागि करको दायरालाई फराकिलो बनाइनेछ।
- ❖ डुङ्गेश्वर गाउँपालिकामा दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था तपसिल बमोजिममा गरिनेछ।

- विद्यालयसँगको साझेदारीमा विद्यालय सरसफाई तथा रङरोगन गर्ने कार्य गरिनेछ ।
- कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षामा उत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रा लाई पुरस्कृत गरिनेछ ।
- कक्षा १२ को बोर्ड परीक्षामा उत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रा लाई पुरस्कृत गरिनेछ ।
- यस गाउँपालिका भित्र संचालन रहेका आधारभूत विद्यालय र माध्यमिक विद्यालय संचालनका लागि आवश्यक दरबन्दी संघीय सरकार र प्रदेश संरकारसँग मागका लागि पहल गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुलाई व्यवसाहिक शिक्षा प्रति उन्मुख गराइनेछ ।
- आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्य एक विद्यालयलाई नमुना विद्यालय छनौट गरि पुरस्कृत गरिनेछ ।
- कृषि प्राविधिक शिक्षा अध्ययन गर्ने उत्कृष्ट छात्रछात्राहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- कोटदेवल जनआर्दश क्यापस र कृषि प्राविधिक शिक्षालयलाई नियमित अनुदान प्रदान गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरि परिचय पत्र प्रदान गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।
- शिक्षाको पहुच नपुगेका अपाङ्ग बालबालिकाहरुको लागि शैक्षिक कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

❖ डुङ्गेश्वर गाउँपालिका बासीलाई स्वस्थ्य जीवन ,सुखी जीवनको नारालाई आत्मसात गर्न सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानुनी र संरचनागत सुधार गरिनेछ ।

- आधारभूत स्वास्थ्य चौकीहरुलाई आवश्यक औषधी तथा स्वास्थ्य उपकरण व्यवस्था गरिनेछ ।
- General स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- स्वास्थ्य स्वंयमसेवीकाहरुलाई खाजा खर्चलाई निरन्तरता दिइनेछ।
- एम्बुलेन्स सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ ।
- गर्भवती महिलासँग उपाध्यक्ष भेटघाट कार्यक्रम संचालन गरिनेछ ।
- "जेष्ठ नागरिकको स्यहारसम्भार घर दैलोमा उपचार" भन्ने नारालाई आत्मासाथ गरी ८० वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरुलाई घर दैलोमा पुगेर उपचार गरिने व्यवस्था गरिनेछ।
- सबै स्वास्थ्य संस्थाहरुमा पोषण कर्नरको स्थापना गरिनेछ ।
- किशोर किशोरीहरुलाई पोषण कार्यक्रम संचालन गरिनेछ ।
- वडा नं. ६ र ४ को सामुदायिक स्वास्थ्य इकाईबाट स्वास्थ्य चौकीमा रुपान्तरण गर्न पहल गरिनेछ, र वडा नं. ६ को स्वास्थ्य इकाईमा यस आ.व. देखि बथिङ्ग सेन्टर

संचालन गरिनेछ ।

- गाउँपालिका भित्र आवश्यक स्थानमा थप सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्न प्रदेश सरकारसँग पहल गरिनेछ ।
- वडा नं. ३ र वडा नं. ५ मा रहेको स्वास्थ्य चौकीको तला थप गरी ट्रस्ट निर्माण गरिनेछ ।
- कोरोना भाईरस (COVID-19) बाट प्रभावित मातृशिशु तथा बालबालिकाहरुको लागि पोषण प्याकेजको व्यवस्था गरिनेछ ।

❖ गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण, विविधीकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिन तपसिल बमोजिमका नीति लिइनेछ ।

- कृषि कार्यमा कृषकहरुलाई आकर्षित गर्नका लागि प्रदेश सरकार र स्थानीय तहको समन्वयमा कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण गर्न कृषि औजार तथा उपकरण वितरण गर्ने कार्यको थालनी गरिनेछ ।
- खेती योग्य बाँजो जमिनलाई सदुपयोग गर्न भूउपयोग नीति प्रदेश सरकारसँग समन्वय गरी लागु गरिनेछ ।
- कृषिबालीमा देखिने आकस्मिक रोग र किराको व्यवस्थापन गर्न बाली संरक्षण सेवामा जोड दिइनेछ ।
- व्यवसायिक रुपमा कृषिपेशामा लागेका कृषकहरुको आत्मबल बढाउन उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम राखिनेछ ।
- साझेदार संस्थाहरुसँग समन्वय गरी कृषि सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।
- कृषकहरुका लागि उत्पादनशील तालिम संचालन गरिनेछ ।
- स्थानहरुको पहिचान गरि फलफुल तथा तरकारी पकेट क्षेत्रलाई थप प्रभावकारी गराइनेछ ।
- कृषि बीमा कार्यक्रम संचालन गरिनेछ ।

❖ पशु विकास कार्यक्रम तर्फ तपसिल बमोजिमका नीति लिइनेछ ।

- पशु नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- पशु पोषण सुधार कार्यक्रम संचालन गरिनेछ ।
- पशु स्वास्थ्य कार्यक्रम निरन्तरता दिइनेछ ।
- ग्रामीण कुखुरा प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।
- पशु बीमा प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

❖ महिला बालबालिका विकास कार्यक्रम तर्फ:

- महिला उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- महिलाहरुको क्षमता विकासको लागि सचेतना मूलक कार्यक्रम संचालनमा ल्याइनेछ ।
- सुनौला हजार दिनका आमाहरुको लागि स्वास्थ्य पोषण सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

डुङ्गेश्वर गाउँपालिकाको आ.व २०७७०७८ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट डुङ्गेश्वर गाउँपालिकाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु। समाजलाई न्याय, समानता र स्वतन्त्रतातर्फ डोऱ्याउन यो नीति तथा कार्यक्रमले सहयोग गर्नेछ। यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैको अर्थपूर्ण योगदानको अपेक्षा गरेको छु।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय प्रतिनिधी सभाका संसद ज्यू र प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, गाउपालिका उपाध्यक्ष ज्यू, सम्पुर्ण वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, बिषयगत संयोजक ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, कर्मचारी मित्रहरु, सम्पूर्ण सरोकारवाला तथा डुङ्गेश्वरबासीहरु प्रति हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु।

**धन्यवाद**